श्री महिकरण महरा　　　　　　　　शाखा प्रमुख, महेन्द्रनगर

छलफलको विषयः सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा धान खरीद योजना सम्बन्धमा ।

निर्णयहरू:

१) धान उत्पादनको पकेट क्षेत्र लाई आधार मानी हाललाई देहायमा उल्लेखित १३ वटा खरीद केन्द्रहरु सञ्चालन गरिनेछ।

| | | | |
|---|---|---|---|
| क) महेन्द्रनगर | ख) धनगढी | ग) राजापुर | घ) नेपालगञ्ज |
| ङ) जुम्ला | च) तुलसीपुर | छ) भैरहवा | ज) पोखरा |
| झ) विरगंज | ञ) लहान | ट) जनकपुर | ठ) विराटनगर |
| ड) बिर्तामोड | | | |

२) आवश्यकता अनुसार कम्पनीको प्रादेशिक कार्यालय, मूख्य शाखा कार्यालय र शाखा कार्यालयहरुले स्थानीय तहसँग समन्वय गरी खरिद उप- केन्द्रहरु थप गर्न सकिनेछ।

३) कम्पनीले धान खरिद गर्दा किसान सूचीकरण फाराम (दुई प्रति) भरी प्रमाणित गरी एक प्रति किसानलाई दिने र एकप्रति खरिद केन्द्रले अभिलेख राख्ने। सूचिकरणमार्फत संकलित विवरणलाई सम्बन्धित कार्यालयले FIS System मा प्रविष्टि गरी अभिलेखिकरण गर्ने।

४) Corporate Pay System बाट भुक्तानी गर्ने प्रयोजनका लागि प्रत्येक खरिद केन्द्रले एकजना कर्मचारी तोकी निजको नागरीकताको प्रतिलिपिसहित वित्तीय व्यवस्थापन विभाग, प्रधान कार्यालयमा लेखी पठाउने।

५) खरिद कार्यक्रम सकिएपछि किसान सूचीकरण फाराम जम्मा गरी सम्बन्धित प्रादेशिक कार्यालयले आ.ले.प. गराई प्रतिवेदन पेश गर्ने।

६) कम्पनीको आफ्नै भण्डार क्षमता अपुग भएका स्थानमा आवश्यकता अनुसारभण्डार गृह उपलब्ध गराउन र खरिद केन्द्र व्यवस्थापनका लागि स्थानीय तहसँग व्यापक रुपमा समन्वय गर्ने र सोको लागि प्रादेशिक कार्यालय, मुख्य शाखा कार्यालय र शाखा कार्यालयले खरिद केन्द्र/उपकेन्द्र रहने सम्बन्धित स्थानीय तहलाई समयमै पत्राचार गर्ने।

७) कम्पनीले तोकेको गुणस्तर र मापदण्ड अनुरुपको सामानमात्र खरिद गर्ने। सोको सुनिश्चितता खरिद केन्द्रमा गुणस्तर प्राविधिक कर्मचारी द्वारा गरिनेछ।

८) निर्धारित कोटालाई आवश्यकता हेरी खण्डीकरण गर्न सकिनेछ। सञ्चालक समितिको अनुमति लिई बजारमा आपूर्ति अवस्थालाई मध्यनजर गरी निर्धारित कोटा थपघट गर्न सकिनेछ।

९) भण्डार गृहको क्षमता भन्दा बढी धान खरिद गर्नुपर्ने अवस्था आईपरेमा खुला स्थानमा सञ्चयगरी राखीएको धानको सुरक्षाको लागि स्थानीय प्रशासनको सहयोग लिने र कम्पनीले सोको बीमा गर्ने व्यवस्था मिलाउने।

१०) बजारमा उपलब्ध चामलको बजारमूल्य र कम्पनीले न्युनतम समर्थन मूल्यमा धान खरिद गरी चामल उत्पादन गर्दा हुने Conversion Cost हिसाब गरी हुन आउने फरक रकम नेपाल सरकारबाट प्राप्त गर्न सञ्चालक समितिमार्फत अर्थ मन्त्रालयमा पत्राचार गर्ने।

११) मोटा चामलको बजारमाग न्युन हुने भएकोले कम्पनीले न्युनतम समर्थन मूल्यमा खरिद गरी उत्पादन भएको चामलको खपत वृद्दि गर्न उत्पादन विविधीकरण तथा बजार विकासको निम्ति निजी क्षेत्रका संभावित प्रशोधन उद्योगहरुसँग समन्वय गर्ने।

१२) विगतको अभ्यासलाई दृष्टिगत गर्दा किसान सिफारिस प्रदान गर्ने क्रममा केहि स्थानीय तहले निःशुल्क सिफारिस प्रदान गर्दा किसानलाई थप आर्थिक भार नपरेको र सरकारी कम्पनीलाई धान बिक्री गर्न प्रोत्साहित समेत भएकोले सम्बन्धित स्थानीय तहलाई सो अन्तर्गतका किसानहरुका लागि निःशुल्क किसान सिफारिस प्रदान गरिदिन अनुरोध गर्ने।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

किसान सूचना प्रणाली (किसान सूचीकरण फाराम)

**खरीद केन्द्रः**

**खरीद उपकेन्द्रः**

तालुक कार्यालयः

खाद्य व्यवस्था तथा व्यापार कम्पनीलाइ खाद्यान्न विक्रि गर्न

यसअघि पनि आउनुभएको थियो वा यो प्रथमपटक हो ?

खरीद वर्षः

किसानको नामः

ठेगानाः

सम्पर्क नम्बरः

नागरीकता नम्बरः

राष्ट्रिय परीचय पत्र नम्बरः (कुनै एक)

खेती भइरहेको जग्गाको अनुमानित जम्मा क्षेत्रफल

विक्रीको लागि ल्याइएको खाद्यवस्तुको विवरणः

| सि. नं. | खाद्यवस्तुको नाम | परीमाण | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | धान (मोटा) | | | |
| २ | धान (मध्यम) | | | |
| ३ | धान (अन्य, विवरण खुलाउने) | | | |
| ४ | मकै | | | |
| ५ | तोरी | | | |
| ६ | भटमास | | | |
| ७ | कोदो | | | |
| ८ | चिनो | | | |
| ९ | कागुनो | | | |
| १० | उवा | | | |
| ११ | छिर्के सिमी | | | |
| १२ | सेतो सिमी | | | |
| १३ | कालो सिमी | | | |
| १४ | ................ | | | |
| १५ | ................ | | | |
| १६ | ................ | | | |
| १७ | ................ | | | |
| १८ | ................ | | | |
| **जम्मा रकम (अक्षरमाः** | | जम्मा रकम रू. | | |

बैंक खाता सम्बन्धि विवरण

बैकको नामः

खातावालाको नामः

बैंक शाखाः

बैंक खाता नम्बरः

**उत्पादन विक्रीबापतको रकम उल्लेखित बैक खातामा कम्पनीले भूक्तानी गर्ने विषयमा मेरो मञ्जुरी छ ।**

श्री...........
...............

श्री..................................
खाद्य व्यवस्था तथा व्यापार कम्पनीका प्रतिनिधी

श्री..................................
खाद्य व्यवस्था तथा व्यापार कम्पनीका प्रतिनिधी (गुणस्तर)

मिति ................................